सर्वोच्च अदालत
काठमाडौं

# न्यायपालिकाको सूचना तथा सञ्चार नीति, २०७६

**प्रस्तावना,**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक पद्धतिलाई आत्मसात गर्दै जारी भएको नेपालको संविधानले प्रत्याभूत गरेको सूचना माग्ने र पाउने प्रत्येक नागरिकको हकलाई संरक्षण र प्रचलन गराउन,

न्यायपालिकाको कामकारबाहीमा पारदर्शीता कायम गरी न्यायिक सुशासनको प्रवर्द्धनमार्फत जनआस्था अभिवृद्धि गर्न,

न्यायपालिकाको कामकारबाहीका सम्बन्धमा विना भेदभाव सूचना प्रविधिको समेत प्रयोग गरी सरोकारवाला एवम् आम नागरिकलाई सूचना एवम् जानकारी उपलब्ध गराई न्यायमा सरल र सहज पहुँच अभिवृद्धि गर्न,

अदालतसम्बन्धी सूचना प्रकाशन, प्रसारण गर्दा न्यायपालिकाको मर्यादा र सम्मानमा आँच नपुग्ने गरी निष्पक्ष, आधिकारिक, विश्वसनीय सूचना र समाचार प्रकाशन, प्रसारणलाई व्यवस्थित र प्रभावकारी बनाउन सर्वोच्च अदालतले **"न्यायपालिकाको सूचना तथा सञ्चार नीति, २०७६"** जारी गरेको छ।

## १. लक्ष्य

न्यायपालिकाको न्याय सम्पादन तथा न्याय प्रशासनसम्बन्धी कार्यको सूचना सम्प्रेषणलाई सूचना प्रविधिको प्रयोगमार्फत् शीघ्र, पारदर्शी र प्रभावकारी बनाइने छ।

## २. उद्देश्य

२.१ न्यायपालिकाबाट सम्पादन गरिने कामकारबाहीसम्बन्धी यथार्थ सूचना सम्प्रेषण गरी न्यायिक एवं प्रशासनिक क्रियाकलापमा पारदर्शिता कायम गर्ने।

२.२ न्यायपालिकाको कामकारबाही र सूचनामा सेवाग्राही तथा आमनागरिकको पहुँच स्थापित गराइ सोमार्फत न्यायपालिकाप्रति जनसाधारणको आस्था र विश्वास अभिवृद्धि गर्ने गराउने।

२.३ न्यायपालिकाको आन्तरिक तथा वाह्य सञ्चार प्रक्रियामा सूचना प्रविधिको प्रयोग गरी सूचनाको शीघ्र सम्प्रेषण गर्ने।

## ३. सूचना तथा सञ्चारसम्बन्धी मार्गदर्शक नीति

३.१ नागरिकको सूचनासम्बन्धी हकको उच्च सम्मान र संरक्षण गरिने छ।

३.२ अदालतको कामकारबाहीसम्बन्धी यथार्थ जानकारी यथाशीघ्र सार्वजनिक गरिने छ।

३.३ कानूनबमोजिम सार्वजनिक गर्नु नपर्ने बाहेकका अन्य सबै सूचना बिना झन्झट, सरल र प्रभावकारी ढंगले उपलब्ध गराइने छ।

३.४ सूचना सम्प्रेषणमा सूचना प्रविधिको अधिकतम प्रयोग गरिने छ।

सर्वोच्च अदालत
काठमाडौं

३.५ न्यायिक सूचना प्रवाहमा कुनै भेदभाव गरिने छैन।

३.६ न्यायपालिकाको कामकारबाहीसम्बन्धी सूचना प्रवाह गर्दा प्रवक्ता / सहप्रवक्ता तथा सम्बन्धित अदालतका सूचना अधिकारीमार्फत प्रवाह गर्ने व्यवस्था गरिने छ।

३.७ अदालतसम्बन्धी सूचना प्रकाशन, प्रसारण गर्दा न्यायपालिकाको मर्यादा, सम्मान र जनआस्थामा आँच नपुग्ने गरी संयमित र मर्यादित भाषामा व्यवसायिक ढंगले, निष्पक्ष, आधिकारिक, विश्वसनीय र यथार्थ सूचना र समाचार प्रकाशन, प्रसारण गरिने छ।

३.८ मुद्दाको कामकारबाहीसम्बन्धी सूचना प्रवाहलाई स्वस्थ र मर्यादित बनाउन प्रोत्साहन गरिने छ।

३.९ कुनै पनि अदालतमा विचाराधीन मुद्दाको निर्णय, आदेश वा काम कारबाहीमा प्रभाव पर्ने वा न्याय सम्पादनसम्बन्धी काममा प्रभाव पर्ने वा व्यक्तिगत स्वार्थ वा दुराग्रह राखी अदालत, न्यायाधीश, कानून व्यवसायी वा कर्मचारीउपर व्यक्तिगत लाञ्छना लाग्ने वा न्यायपालिकाको विश्वसनियतामा आँच आउने गरी कुनै समाचार, सूचना, टिप्पणी वा लेख रचना प्रकाशन प्रसारण गर्न निरूत्साहित गरिने छ।

३.१० अदालतको काम कारबाहीसम्बन्धी सूचना प्रचलित कानूनको अधिनमा रही संरक्षण र सम्प्रेषण गर्ने व्यवस्था गरिनेछ।

**तर, देहायका सूचना सम्प्रेषण गरिने छैन।**

(क) बन्द इजलासबाट सुनुवाइ हुने भनी तोकिएका वा व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दासँग सम्बन्धित सूचना,

(ख) मुद्दाका पक्ष, सरोकारवाला र सम्बन्धित कानून व्यवसायीबाहेक अदालतमा विचाराधिन मुद्दासँग सम्बन्धित सूचना,

(ग) अपराधको अनुसन्धान, तहकिकात र अभियोजनमा प्रत्यक्ष असर पार्ने सूचना,

(घ) व्यक्तिगत गोपनियता र व्यक्तिको जीवन, स्वास्थ्य तथा सुरक्षामा खतरा पुऱ्याउने सूचना,

(ङ) अन्य प्रचलित कानूनले गोप्य राख्नुपर्ने भनी उल्लेख गरेका सूचनाहरू।

३.११ बन्द इजलासबाट सुनुवाइ हुने भनी तोकिएका वा व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दासँग सम्बन्धित सूचना उपलब्ध गराइने छैन।

३.१२ सम्बन्धित इजलासले अनुमति दिएमा बाहेक इजलासको कामकारबाहीसम्बन्धी समाचार वा सूचना संकलनमा श्रव्यदृश्य सामाग्रीको प्रयोग गर्न पाइने छैन।

## ४. <u>सूचना सम्प्रेषणसम्बन्धी व्यवस्था</u>

४.१ अदालतले विशेष व्यवस्था गरेको वा सम्बन्धित इजलासले अनुमति दिएमा बाहेक अदालत तथा इजलासबाट सम्पादित काम कारबाहीको कुनै पनि माध्यमबाट छायाङ्कन र प्रसारण गरिने छैन।

४.२ अदालतबाट सार्वजनिक चासोको विषयका मुद्दा मामिलामा भएको महत्त्वपूर्ण आदेश, निर्णय वा कामकारबाही तथा अदालतका अन्य महत्त्वपूर्ण क्रियाकलाप तथा सूचना यथाशीघ्र सर्वोच्च अदालंतको सूचना तथा सञ्चार शाखामा नियमितरूपमा संकलन गर्ने व्यवस्था गरिनेछ।

४.३ अदालतबाट प्रवाह हुने सूचना तथा जानकारीहरू प्रवक्ता, सूचना अधिकारीमार्फत सम्प्रेषण गर्ने व्यवस्था मिलाइने छ।

४.४ अदालतको सूचना तथा सञ्चार शाखाबाट न्यायपालिकाको सूचना तथा समाचार सम्प्रेषण गर्दा प्रेस विज्ञप्ति, संवाददाता / पत्रकार भेटघाट / अन्तरक्रिया, टेलिफोन इमेल वा अन्य विद्युतीय माध्यमबाट सार्वजनिक गर्न र आफ्नो वेवसाइटमा छुट्टै समाचार खण्ड (News Portal) खडा गरी अद्यावधिक सूचना सम्प्रेषण गर्ने व्यवस्था गरिनेछ।

४.५ पहिले नै सार्वजनिक भएको वा प्रकाशित भएको वा सार्वजनिक रूपमा प्राप्त हुन सक्ने प्रकृतिको सूचना उपलब्ध गराउन बाध्य हुने छैन।

४.६ प्रचलित कानूनबमोजिम सार्वजनिक गर्नुपर्ने सूचना अदालतले आवधिक रूपमा प्रकाशन गर्ने छ।

## ५. नागरिक बडापत्रको व्यवस्था

५.१ अदालतले प्रदान गर्ने सेवा, सेवा प्राप्त गर्न सेवाग्राहीले पेस गर्नुपर्ने कागजात, सेवा प्रदान गर्न लाग्ने समयावधि, दस्तुर, सेवा प्रदान गर्ने जिम्मेवार पदाधिकारी र सोसम्बन्धी गुनासो सुन्ने अधिकारी र निजको कार्यकक्षको विवरणसहितको नागरिक वडापत्र अदालत हाताभित्र सबैले देख्ने ठाउँमा राखिने व्यवस्था मिलाइने छ।

५.२ अदालतको भौगोलिक क्षेत्राधिकारभित्र धेरै जनसङ्ख्याले बोल्ने भाषामा समेत नागरिक बडापत्र राख्न सकिने छ।

## ६. सूचना तथा सहायता कक्षसम्बन्धी व्यवस्था

६.१ अदालतमा सूचना तथा सहायता कक्ष रहने व्यवस्था गरिनेछ।

६.२ अदालत प्रवेश गर्ने सेवाग्राहीलाई सूचना तथा सहायता कक्षबाट मुद्दाको काम कारबाही, अदालतको भौतिक स्थिति तथा सेवाग्राहीलाई उपलब्ध सेवा सुविधासम्बन्धमा परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

६.३ अदालतले आफूले प्रदान गर्ने सेवासहितको जानकारीमूलक हातेपुस्तिका (Brochure) तयार गरी सूचना तथा सहायता कक्षबाट सेवाग्राही तथा सरोकारवालाहरूलाई आवश्यकतानुसार वितरण गरिनेछ।

६.४ विशेष सेवा वा सहायताको आवश्यकता पर्ने वृद्ध, बालबालिका वा शारीरिकरूपले अशक्त सेवाग्राहीका लागि सूचना तथा सहायता कक्षबाट आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

## ७. सूचनापाटीको प्रयोग

७.१ देहायका सूचना अदालतको सूचना पाटीमा टाँस्ने व्यवस्था मिलाइने छ।

(क) मुद्दाको साप्ताहिक तथा दैनिक पेसी सूची,

(ख) अदालतका महत्त्वपूर्ण प्रशासनिक निर्णयहरू,

(ग) अदालतका सेवाग्राही वा कर्मचारीहरूले पाउनुपर्ने सूचना वा जानकारी,

(घ) अदालतलाई प्राप्त बजेट, भएको खर्च र सोसम्बन्धी मासिक विवरण,

(ङ) अन्य महत्त्वपूर्ण र उपयुक्त सूचना।

७.२ अदालतले विद्युतीय सूचना पाटी (Digital Notice Board) खडा गरी आवश्यक र उपयुक्त देखेको सार्वजनिक सूचना राख्न सक्ने छ।

## ८. सूचना तथा समाचार प्रकाशन

८.१ सञ्चार माध्यमहरूले अदालतबाट भइसकेको कुनै काम कारबाही वा सम्पादन हुने कुनै विषयवस्तुसँग सम्बन्धित सूचना तथा समाचार प्रकाशन गर्दा कार्यालय प्रमुख, प्रवक्ता वा सूचना अधिकारी तथा तोकिएको अधिकारीबाट प्राप्त गरी प्रकाशन गर्नुपर्ने र अन्य स्रोतबाट प्राप्त सूचना तथा समाचारको हकमा त्यस्तो सूचना तथा समाचार अख्तियारप्राप्त अधिकारीमार्फत् आधिकारिकता पुष्टि भएपश्चात् मात्र प्रकाशन तथा प्रसारण गर्ने गरी व्यवस्था मिलाइने छ।

८.२ मुद्दाको काम कारबाहीसम्बन्धी तथ्यपरक सूचना प्रवाह गर्ने बाहेक कुनै पनि तहका अदालतमा विचाराधीन मुद्दामा प्रभाव पर्ने गरी वा न्याय सम्पादनको सिलसिलामा गरेको कुनै निर्णय, आदेश वा कामकारबाहीका सम्बन्धमा अदालत, न्यायाधीश, कानून व्यवसायी वा कर्मचारीउपर व्यक्तिगत लाञ्छना लगाउने वा न्यायपालिकाको विश्वसनियतामा आँच पुऱ्याउने उद्देश्य राखी कुनै समाचार, सूचना, टिप्पणी वा लेख रचना प्रकाशन प्रसारण गर्न नपाइने व्यवस्था गरिनेछ।

## ९. पत्रकार तथा प्रेस प्रतिनिधिको अदालत प्रवेशसम्बन्धी व्यवस्था

९.१ नियमितरूपमा न्यायिक समाचार सङ्कलन गर्ने संवाददाता तथा पत्रकारलाई सम्बन्धित अदालतबाट खास अवधिका लागि स्थायी प्रवेश पासको व्यवस्था मिलाइने छ। सोबाहेकका अन्य पत्रकारलाई आवश्यकताअनुसार अदालत प्रवेश पासको व्यवस्था मिलाइने छ।

९.२ अदालत प्रवेश गर्दा र अदालत परिसर भित्र रहुन्जेलसम्म पत्रकारले प्राप्त गरेका प्रवेश पास सबैले देख्ने गरी धारण गर्ने व्यवस्था गरिनेछ।

९.३ सूचना प्रवाह वा समाचार सङ्कलनको लागि आवश्यक क्यामरा वा भिडियो क्यामरा वा श्रव्य वा श्रव्यदृश्य, विद्युतीय उपकरण एवं अन्य साधनहरू अदालतभित्र लैजान पर्ने भएमा अदालतबाट पूर्व अनुमति लिनुपर्ने र त्यसरी प्राप्त प्रवेश पास अदालत हाताभित्र रहुन्जेल सबैले देख्ने गरी धारण गर्ने गरी व्यवस्था गरिनेछ।

९.४ इजलासमा रहँदा इजलासको मर्यादा कायम गर्ने व्यवस्था गरिनेछ।

९.५ अदालतसम्बन्धी समाचार सम्प्रेषण गर्दा पत्रकारको व्यावसायिक आचार संहिताको पूर्ण पालना गर्न प्रोत्साहित गरिने छ।

सर्वोच्च अदालत काठमाडौं

९.६ सूचना सङ्कलनमा सहजताका लागि अदालतमा उपलब्ध भएसम्म पत्रकार प्रतिक्षा कक्षको व्यवस्था गरिनेछ।

९.७ पत्रकारले प्रवक्ता वा सूचना अधिकारीबाट आवश्यक सूचना सङ्कलन गर्ने व्यवस्था गरिनेछ।

९.८ अदालतले नियमितरूपमा न्यायिक समाचार सम्प्रेषण गर्ने पत्रकारलगायत सूचना प्रवाहको जिम्मेवारीमा रहेका जनशक्तिको व्यावसायिक क्षमता अभिवृद्धि गर्न तालिम, अध्ययन वा अनुसन्धानलगायतका कार्यक्रम सञ्चालन गर्ने वातावरण सिर्जना गरिनेछ।

## १०. <u>रेडियो तथा टेलिभिजनबाट कार्यक्रम उत्पादन तथा प्रसारणसम्बन्धी व्यवस्था</u>

१०.१ अदालतले न्यायिक काम कारबाही, सेवाग्राहीलाई प्राप्त हुने सेवा तथा सुविधा, कानूनी व्यवस्था र कार्यविधि, न्यायमा पहुँच, नागरिक हक अधिकार, सार्वजनिक सूचना तथा सन्देश, न्यायपालिकाको योजना तथा रणनीतिक कार्यक्रमहरू, फैसला कार्यान्वयन, न्यायाधीश र कर्मचारीहरूको आचार संहिता, न्यायपालिकाको आस्था र विश्वास अभिवृद्धि गर्ने विषयलगायत अदालतले आवश्यक र उपयुक्त ठानेका अन्य विषयहरूमा टेलिभिजन, रेडियो, अनलाइनलगायतका सार्वजनिक प्रसारणका माध्यमबाट सूचना तथा समाचार सम्प्रेषण गर्न आवश्यक व्यवस्था गरिनेछ।

१०.२ अन्य सन्देशमूलक श्रव्य, श्रव्यदृश्य, वृत्तचित्र, नाटक / एकांकी तथा अन्य कार्यक्रमहरू सञ्चालन गर्न तथा सन्देशमूलक समाचार वा सूचना छापा वा विद्युतीय पत्रिका / वेवसाइटमा प्रकाशन प्रसारण गर्न उपयुक्त व्यवस्था मिलाइने छ।

१०.३ अदालतबाट उत्पादन, निर्माण वा प्रसारण गरिने कार्यक्रमहरू अनुसन्धानबाट प्राप्त नतिजामा आधारित, सूचनामूलक बनाइने छ।

१०.४ सर्वोच्च अदालतबाट उत्पादन, निर्माण वा प्रसारण हुने कार्यक्रमहरूलाई आवश्यकताअनुसार देशभरी प्रकाशन तथा प्रसारण हुने व्यवस्था मिलाइने छ। साथै मातहतका उच्च अदालत तथा जिल्ला अदालतले आफ्नो क्षेत्राधिकारभित्र नेपाली भाषामा र आवश्यकताअनुसार अन्य राष्ट्रभाषामा समेत यस्तो कार्यक्रमको प्रकाशन तथा प्रसारण गर्न मिल्ने गरी व्यवस्था गरिनेछ।

## ११. <u>सूचना सम्प्रेषणसम्बन्धी संरचना</u>

११.१ न्यायपालिकाको सूचना सम्प्रेषण तथा प्रकाशनसम्बन्धी व्यवस्था र सञ्चार माध्यमसँग समन्वय कायम गर्ने सम्बन्धमा नीतिगत व्यवस्था गर्न सर्वोच्च अदालत नियमावलीबमोजिमको सम्पादन तथा प्रकाशन समितिलाई जिम्मेवारी प्रदान गरिनेछ।

११.२ समितिले तोकिएको काम सम्पन्न गरी प्रतिवेदन पेस गर्ने गरी विभिन्न उपसमिति वा कार्यसमूहहरू गठन गर्न सक्ने व्यवस्था गरिनेछ।

सर्वोच्च अदालत काठमाडौं

११.३ न्यायपालिकाको सूचना सम्प्रेषण प्रणालीलाई प्रभावकारी बनाउन सर्वोच्च अदालतले सर्वोच्च अदालत तथा मातहतका अदालतमा कार्यरत प्रवक्ता एवं सूचना अधिकारीहरूलाई लक्षित गरी सूचना सम्प्रेषणसम्बन्धी दक्षता अभिवृद्धि गर्न तालिमको व्यवस्था मिलाइने छ।

## १२. <u>प्रवक्तासम्बन्धी व्यवस्था</u>

१२.१ अदालतको महत्त्वपूर्ण न्यायिक वा प्रशासनिक काम कारबाहीका बारेमा सूचना सम्प्रेषण गर्न सर्वोच्च अदालतमा एकजना राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई तथा मातहत उच्च एवं जिल्ला अदालतहरूले अधिकृतस्तरको कर्मचारीलाई प्रवक्ता तोक्ने व्यवस्था गरिनेछ।

१२.२ सामान्यत: प्रवक्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) अदालतमा रहेका सार्वजनिक गर्नुपर्ने प्रकृतिका सूचना र जानकारी प्राप्त गर्ने।

(ख) अदालतको कुनै काम कारबाही वा निर्णय सार्वजनिक गर्नु पर्ने वा जानकारी गराउनु परेमा प्रेस विज्ञप्ति वा नियमित पत्रकार भेटघाट वा पत्रकार सम्मेलनमार्फत गर्ने।

(ग) सर्वोच्च अदालत वा मातहत अदालतमा सार्वजनिक महत्त्वको कुनै विषयमा मुद्दा दर्ता भएमा वा त्यस्तो मुद्दामा कुनै महत्त्वपूर्ण आदेश वा निर्णय भएमा सोसम्बन्धी सूचना सम्प्रेषण गर्ने।

(घ) सर्वोच्च अदालत वा मातहत अदालतका नीति, योजना, कार्यक्रम र प्रगतिबारे आवश्यकताअनुसार सञ्चार माध्यममार्फत सर्वसाधारणलाई जानकारी गराउने।

(ङ) न्यायपालिकासँग सम्बन्धित गोष्ठी, सम्मेलन तथा कार्यक्रमहरूबारे सूचना प्रवाह गर्ने।

(च) सर्वोच्च अदालत वा मातहत अदालतका काम कारबाहीसम्बन्धमा असत्य, भ्रामक वा निराधार कुरा प्रकाशन वा प्रसारण भएमा आवश्यकताअनुसार स्पष्ट पार्ने वा खण्डन गर्ने तथा गर्न लगाउने।

(छ) कुनै सार्वजनिक महत्त्वको मुद्दामा भएको सुनुवाइको रेकर्ड गर्न, फोटोग्राफी लिन, भिडियो खिच्न, रेडियो तथा टेलिभिजनमा प्रसारण गर्न आवश्यक देखिएमा सम्बन्धित इजलासको अनुमति लिई सोसम्बन्धी व्यवस्था मिलाउने।

(ज) माथि दफा १० मा लेखिएका कार्यक्रमहरूको उत्पादन, वितरण तथा प्रसारण गर्न आवश्यक समन्वय गर्ने।

(झ) सूचना तथा सञ्चारसम्बन्धी विषयका कार्यक्रम एवम् प्रवक्ताको बैठकमा भाग लिने।

१२.३ नियमितरूपमा कार्यालय प्रमुख, महाशाखा, शाखा वा फाँट प्रमुखबाट प्रवक्तालाई सूचना उपलब्ध गराइने व्यवस्था मिलाइने छ।

१२.४ प्रवक्ताले प्रेस र अन्य सरोकारवालाहरूसँग आवश्यकताअनुसार प्रेस विज्ञप्ति, पत्रकार भेटघाट वा सम्मेलन, अन्तर्वार्ता, टेलिफोन कुराकानी, इमेल, विद्युतीय सामाजिक सञ्जाल, फ्याक्स, वेवसाइटमार्फत सूचना सम्प्रेषण गर्न सक्ने व्यवस्था गरिनेछ।

सर्वोच्च अदालत
काठमाडौं

१२.५ प्रवक्तालाई आवश्यक्तानुसार पत्रपत्रिकाहरू, टेलिफोन एवम् सञ्चार महसुल कार्यालयका तर्फबाट उपलब्ध गराउने व्यवस्था गरिनेछ।

१२.५ प्रवक्ताको सहयोगको लागि सहायक प्रवक्ता तोक्न सकिने छ। प्रवक्ताको अनुपस्थितिमा सहायक प्रवक्ताले प्रवक्ताको काम गर्ने व्यवस्था मिलाइने छ।

## १३. सूचना अधिकारीसम्बन्धी व्यवस्था

१३.१ सार्वजनिक महत्त्वका र आफूसँग सम्बन्धित सूचना माग्ने र पाउने नागरिकको संवैधानिक अधिकारको कार्यान्वयनको लागि अदालतमा एक जना अधिकृतस्तरको सूचना अधिकारीको व्यवस्था गरिनेछ।

१३.२ कार्यालय प्रमुख, महाशाखा, शाखा वा फाँट प्रमुखले आवश्यकता अनुसार सूचना अधिकारीलाई सूचना उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

१३.३ सरोकारवालाले अदालतमा रहेको कानूनबमोजिम उपलब्ध गराउन सकिने प्रकृतिको सूचना प्राप्त गर्नुपर्ने कारण खुलाई माग गरेमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ। उपलब्ध गराउन नसकिने प्रकृतिको भए सो बेहोरासहित निवेदकलाई लिखित जानकारी गराइने छ।

## १४. अदालतको वेवसाइट (Website)

१४.१ सर्वोच्च अदालतको वेवसाइट www.supremecourt.gov.np हुनेछ।

१४.२ सर्वोच्च अदालतको वेवसाइटमा सामान्यत देहायका सामग्रीहरू रहने छन्।

(क) नेपालको न्यायपालिकासम्बन्धी सामान्य जानकारी,

(ख) न्यायाधीश र कर्मचारीसम्बन्धी जानकारी,

(ग) सर्वोच्च अदालत र मातहत अदालतका मुद्दाको साप्ताहिक तथा दैनिक पेसी सूची र मुद्दामा भएका महत्त्वपूर्ण आदेश वा फैसलाहरू र मुद्दाको प्रक्रियागत विवरण,

(घ) देशभरका अदालतहरूको मुद्दाको लगत, फछ्र्यौट र कैद जरिवानासम्बन्धी विवरण,

(ङ) न्यायपालिकाको प्रशासनिक, आर्थिक तथा अन्य महत्त्वपूर्ण काम कारबाहीसम्बन्धी निर्णय वा सूचना,

(च) अदालतका फैसला र महत्त्वपूर्ण आदेशहरू,

(छ) नेपाल कानून पत्रिका, सर्वोच्च अदालत बुलेटिन, सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, न्यायपालिकाको आवधिक योजना, अङ्ग्रेजी भाषामा अनुवाद गरिएका फैसला सङ्ग्रहरू लगायतका सर्वोच्च अदालतका नियमित प्रकाशनहरू,

(ज) सर्वोच्च अदालतमा गठन गरिएका विभिन्न आयोग, समिति, कार्यदल वा कार्यसमूहहरूका अध्ययन प्रतिवेदनहरू,

(झ) अदालतसँग सम्बन्धित विभिन्न ऐन, नियमावली, निर्देशिका, दिग्दर्शन तथा टेम्प्लेट्सहरू,

(ञ) न्याय प्रशासनसँग सम्बन्धित सार्वजनिक सूचना एवं चेतनामूलक सन्देशहरू,

(ट) न्यायपालिका र न्यायिक प्रक्रियासम्बन्धी सूचना प्रवाह हुने, अदालतप्रतिको आस्था र मर्यादा अभिवृद्धि हुने एवम् न्यायमा पहुँचको अवस्था सहज गराउने उद्देश्यले उत्पादन वा निर्माण गरेका विभिन्न श्रव्य दृश्य सामग्रीहरू,

(ठ) सर्वोच्च अदालतसँग सरोकार राख्ने विभिन्न निकायहरूको वेवसाइटमा शीघ्र पहुँचका लागि तत्तत् निकायहरूको लिङ्क,

(ड) सर्वोच्च अदालतले आवश्यक सम्झेका अन्य विषयहरू।

१४.३ यस नीतिको अधीनमा रही सबै अदालत तथा न्यायिक निकायहरूले सर्वोच्च अदालतको वेवसाइटसँग आबद्ध रहने गरी आआफ्नो वेवसाइट निर्माण गर्ने व्यवस्था गरिनेछ।

१४.४ वेवसाइटमा राख्ने वा हटाउने तथा अद्यावधिक गर्नुपर्ने सूचना र सामग्रीहरूको छनौटका लागि मुख्य रजिस्ट्रारले तोकेको सर्वोच्च अदालतका रजिस्ट्रारको संयोजकत्वमा सर्वोच्च अदालतको प्रवक्ता, सूचना प्रविधि महाशाखा प्रमुख तथा सम्पादक भएको समितिको निर्णयबमोजिम हुने व्यवस्था गरिनेछ।

१४.५ वेवसाइटमा राखिएका सूचनाहरू प्रयोजन समाप्त भएको मितिले बढीमा १ (एक) महिनापछि हटाउने व्यवस्था गरिनेछ।

## १५. गुनासोको सुनुवाइ

१५.१ सर्वोच्च अदालतलगायत जुनसुकै अदालत तथा न्यायिक निकायमा आफ्नो काम कारबाहीसँग सम्बन्धित कुनै गुनासो, पीरमर्का, अनियमितता, ढिलासुस्ती जस्ता विषयमा सम्बन्धित सेवाग्राही एवम् न्यायका उपभोक्ताहरूले आफ्नो लिखित गुनासो तथा सुझाव प्रधानन्यायाधीशको सचिवालय, मुख्य रजिस्ट्रार र रजिस्ट्रारको सचिवालय तथा गुनासो तथा सुझाव पेटिकामा एवं मौखिक गुनासो, उजुरी, शिकायत र सुझाव दिन टोल फ्री नम्बर १६६०-०१-३३३-५५ र इमेल ठेगाना cjs@supremecourt.gov.np मार्फत दिन सकिने गरी सहज व्यवस्था गरिनेछ।

१५.२ अदालतले आफ्नो र आफ्नो मातहतका अदालतको काम कारबाहीसँग सम्बन्धित कुनै गुनासो, पीरमर्का, अनियमितता, ढिलासुस्ती जस्ता विषयमा सम्बन्धित सेवाग्राही एवम् न्यायका उपभोक्ताहरूको गुनासो सुन्ने प्रभावकारी व्यवस्था मिलाइने छ।

१५.३ अदालतले सम्पादन गरेको कामकारबाहीको गुणस्तर, प्रभावकारिता र त्यसमा हुनसक्ने अनियमितताको सम्बन्धमा आउन सक्ने गुनासो सुन्न सबैले देख्ने ठाउँमा गुनासो तथा सुझाव पेटिका राख्ने व्यवस्था गरिनेछ।

१५.४ अदालतले सेवाग्राहीको गुनासो तथा सुझाव व्यवस्थापनको लागि गुनासो सुन्ने जिम्मेवार अधिकारी तोकी सेवाग्राहीलाई सहजता प्रदान हुने व्यवस्था मिलाइने छ।

सर्वोच्च अदालत
काठमाडौं

१५.५ गुनासो सुन्ने अधिकारीले अदालत तथा न्यायिक निकायबाट सम्पादन हुने काम कारबाहीका सम्बन्धमा प्राप्त हुन आएका लिखित तथा मौखिक गुनासो तथा सुझावहरूको छुट्टै अभिलेख राखी गुनासो तथा उजुरीहरूको सम्बोधन गरी सम्बन्धित पक्षलाई जानकारी गराउने व्यवस्था मिलाइने छ।

## १६. विविध

१६.१ न्यायिक प्रक्रिया, कार्यविधि, मुद्दा प्रवाह व्यवस्थापन, सुनुवाइ व्यवस्थापन तथा समग्र न्याय प्रणालीबारे सबै अदातलहरूले सम्बद्ध बार एसोसिएसन, सरकारी वकील, सञ्चार जगतलगायत सरोकारवाला समूह र निकायसँग अन्तरक्रिया तथा छलफलको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

तर, अदालतमा विचाराधिन मुद्दा, न्यायाधीश, कानून व्यवसायी एवं राष्ट्रसेवक कर्मचारीहरूको व्यक्तिगत आचरणका सम्बन्धमा छलफल नर्गने प्रणालीको विकास गरिनेछ।

१६.२ अदालतबाट भएका महत्त्वपूर्ण फैसला, आदेश वा निर्णयहरू तथा अन्य प्रशासनिक, भौतिक, वित्तियलगायतका महत्त्वपूर्ण कामकारबाहीसँग सम्बन्धित समाचार र सूचना समावेश गरी आवधिक रूपमा E-magazine प्रकाशन गर्ने व्यवस्था गरिनेछ।

१६.३ अदालतबाट प्राप्त भएको सूचना असल नियतले प्रयोग गर्नुपर्नेछ। त्यस्तो सूचनाको दुरूपयोग गरेमा प्रचलित कानूनबमोजिम कारबाही हुनेछ।

१६.४ न्यायाधीश तथा न्यायपालिका सम्बद्ध राष्ट्रसेवक कर्मचारीहरूले सञ्चार माध्यम, Facebook, Twitter, Instagram, WhatsApp, LinkedIn, YouTube जस्ता सामाजिक सञ्जालहरू प्रयोग गर्दा अदालतको मर्यादा र आस्थामा आँच नआउने गरी व्यावसायिक आचार संहिताको अधीनमा रही उच्चतम सतर्कता अपनाइ मात्र प्रयोग गर्ने व्यवस्था मिलाइने छ। तर,

(क) सरकारी कामकाजको सिलसिलामा बाहेक कार्यालय समयमा कुनैपनि सामाजिक सञ्जालहरूको प्रयोग गर्न; र

(ख) सामाजिक सञ्जालहरूमा अदालतको गरिमामा आँच आउने, न्यायाधीश, कर्मचारी, कानून व्यवसायी, मुद्दाका पक्षको मानमर्दन हुने तथा जनमानसमा भ्रम एवं अविश्वास पैदा हुने किसिमका सामग्रीहरू राख्न एवं शेयर गर्न तथा राजनीतिक दल विशेषलाई फाइदा पुऱ्याउने उद्धेश्यले निर्देशित विज्ञापन, अनुरोध एवं प्रचार प्रसारसम्बन्धी सामग्री राख्न एवं शेयर गर्न नपाइने व्यवस्था गरिनेछ।

१६.५ सामाजिक सञ्जालमा न्याय र कानूनका क्षेत्रमा भएका नविनतम् मूल्य मान्यताहरूको जानकारी र विधिशास्त्रीय विकासमा टेवा पुग्ने रचनात्मक खालका छलफल र बहसलाई प्राथमिकतामा राख्न प्रोत्साहन गरिने कार्यक्रम ल्याइने छ।

१६.६ अदालतको नामबाट सामाजिक सञ्जालको प्रयोग गर्नुपूर्व सर्वोच्च अदालतको अनुमति लिने व्यवस्था गरिनेछ।